## पाठ १

# बेलुन-गाडी



बेलुन-गाडी हावाको शक्तिबाट चल्ने साना  खेलौना गाडी हुन् । यी गाडीहरू हावालाई उल्टो दिशामा ठेलेर चल्छन् । यस्ता गाडीहरूमा हावा संचित गर्न र आवश्यकता अनुसार हावा छोड्नका लागि बेलुन प्रयोग गरिन्छ । हामी एक पटक आफै बेलुन-गाडी बनाएर हेरौँ है त !

### हामीलाई "बेलुन-गाडी" बनाउन यी सामग्रीहरू चाहिन्छन् ।




तिमीले आफूसँग भएका अन्य सामग्रीको पनि प्रयोग गर्न सक्छौ। जस्तै कुल्फीको डन्ठी, कार्टुन बक्सा, आदि ।



**यहाँ दिइएका आइडियाहरूले हामीलाई सुरू गर्न मदत गर्नेछन् ।**

- तिम्रो गाडी कस्तो देखिनेछ ?
- तिम्रो गाडी के ले बनेको हुनेछ ?
- तिम्रो गाडीलाई कतिवटा बेलुनको शक्तिले चलाउने छ ?

## तल दिएका नमुनाहरूले हामीलाई आइडिया लिन मदत गर्नेछन् ।







## हामीले बेलुन-गाडी बनाउन यी सुझावहरू उपयोगी हुने पायौँ।

यदि तिमीसँग भएको बिर्कोमा दुलो छैन भने त्यसलाई टेबलमा घोप्टो पारेर राख्ने अनि बाँसको सुइरोले थिचेर बिर्कोको ठ्याक्कै बिचमा दुलो पार्ने ।



बेलुन-गाडीमा बाँसको सुइरोले बिँडको काम गर्छ । कागजसँग घर्षण हुनबाट रोक्न बाँसको सुइरोलाई एउटा प्लास्टिकको नलीभित्र छिराउने ।



फुलाएको अवस्थामा बेलुनले गाडीका चक्का अथवा भुइँलाई छुन्छ कि भनेर सावधान हुनु पर्छ। बेलुनलाई गाडीको माथी राख्दा  यो कुरा ख्याल गर्नुपर्छ।

बेलुनलाई प्लास्टिकको नलीसँग जोड्न कागजको टेपको प्रयोग गर्ने। जोडेको ठाउँबाट हावा फुस्क्यो भने हाम्रो बेलुन-गाडी राम्ररी चल्दैन। त्यसैले बेलुनलाई नलीसँग अलिक कसिलो गरी टाँस्नुपर्छ।



**हाम्रो बेलुन गाडी तयार भएपछि त्यसलाई कुदाएर हेरौँ है।**

**गाडीलाई भुइँमा राख र बेलुन फुलाएर गाडीलाई छोडिदेउ। बेलुनसँग जोडिएको नलीबाट हावा बाहिर निस्किन पाइरहेको छ भन्ने चाहिँ सुनिश्चित गर्नुपर्छ।**

## डिजाइनसँग परिवर्तन गरेर हेरौँ



- के तिमीले घुमाउरो बाटो भएर  कुद्ने बेलुन-गाडी बनाउन सक्छौ? वा एकदम सिधा बाटोमा कुद्न सक्ने बेलुन-गाडी बनाउन सक्छौ?
- तिमीले एउटै गाडीलाई शक्ति दिन धेरैवटा बेलुन प्रयोग गर्यौ भने के हुन्छ होला?

**इन्जिनियर जसरी सोचेर हेरौँ**

किन बेलुनको हावा सकिने बेलामा गाडी अलिक छिट्टो कुदेको होला?

**भौतिकशास्त्री जसरी सोचेर हेरौँ**

बेलुनबाट हावा बाहिर निस्कनाले कसरी गाडीलाई अगाडी धकेल्छ होला?

**हाम्रो सिकाई अनुभवबारे सोचौँ**

- तिमीलाई आफूले बनाएका बेलुन-गाडी मध्ये कुन डिजाइन सबैभन्दा मन पर्यो? किन होला ?

_______________________________________________

_______________________________________________

- साथीहरूले बनाएका गाडी देखेर तिमीले के-कस्ता आइडियाहरू पायौ ?

_______________________________________________

_______________________________________________